# ३ शिद्ध, पवित्र र निषपक्षपाती परमेश्वर

*यस अध्यायको निम्ति पढ्नुहोस्:* योयल १, योयल २:२८,२९, प्रेरित २:१-१-२१, योयल २:३१,३२, रोमी १०:१३, मत्ती १०:२८-३१।

*स्मरण गर्नुपर्ने पद:* "परमप्रभु आफ्नो सेनाको अगि गर्जनुहुन्छ। उहाँको फौज अनगन्ती छन्, र उहाँको हुकुम पालन गर्नेहरू शक्तिशाली छन्। परमप्रभुको दिन महान् र साह्रै डरलाग्दो छ। त्यो कसले सहन सक्छ र? योयल २:११ (नेपाली बाइबल सोसाइटी)

"जब परमेश्वरले उहाँका सेनाहरूको नेतृत्व गर्नुहुन्छ तब उहाँका शक्तिशाली आवाजले गर्जनुहुन्छ। उहाँका यत्ति बीरहरू (सेनाहरू) छन् कि त्यसलाई कसैले पनि गन्न सक्दैनन्। उहाँका निर्देशनहरू पालन गर्नेहरू ठूलो शङ्ख्यामा छन्। परमेश्वरको दिन महान् छ र साथै भयाभव छ। त्यो दिनबाट को गुज्रन सक्दछ र?" (योयल २:११ न्यु इन्टरनेशनल रिभाइज्द भर्जन)।

*मूल सोच:* आफ्ना जनहरूलाई अगुवाई गर्न परमेश्वरले शङ्कत तथा विपत्तीको समयलाई प्रयोग गर्न सक्नुहुन्छ। आत्मिक जागरण र सुधारको आवश्यकताको महशूस गराउन ती असहज परिस्थितिले तिनीहरूलाई सहयोग गर्दछ।

आमोस र होशेको समयमा सलहहरूको अति ठूलो जमातले महामारी ल्याइएको थियो। त्यतिमात्र होइन खतरानक खडेरीले दक्षिण यहूदाको राज्यलाई नाश गरिन्दैथ्यो। परमेश्वरको अगमवक्ता योयलले ती विपतका समयहरू त परमेश्वरको न्याय वा उहाँले तिनीहरूलाई सजायँ दिएको भनेर देखेका थिए (योयल २:३१)। त्यसकारण सारा यहूदाहरूलाई आआफ्ना पापबाट फर्केर परमेश्वरतिर ध्यान लगाऊ भनेर उनले आह्वान गरेका थिए। बादल जस्तै छोपेर आएका सलहहरू परमेश्वरका सेना हुन् भनेर उनले वर्णन गरेका थिए। परमेश्वरको निष्ठामा नबसी उहाँलाई अन्तरघात गर्नेहरूलाई सजायँ दिन ती सलहहरू वर्षेका थिए भनेर योयलले देखेका थिए।

तर दुष्ट मानिसहरूलाई भविष्यमा परमेश्वरले गर्ने न्यायको फैसला ती सलहहरूले ल्याएका महामारी भन्दा पनि चर्को हुनेछ भनेर

योयलले भविष्यवाणी गर्दछन्। तर त्यही न्याय परमेश्वरको निष्ठामा रहनेहरूको निम्ति असमान आशिष ल्याउनेछ। उहाँका शिक्षादिक्षाहरूलाई पालन गर्नेहरूको निम्ति परमेश्वरको न्याय अति आशिषमय हुनेछ। परमेश्वरले गर्नुहुने इन्साफ जतिसुकै गम्भिर भएतापनि परमेश्वरको अगुवाईको निम्ति हृदय खुला राख्नेहरूको निम्ति मुक्तितिर दोऱ्याउनेछ। परमेश्वरमा तल्लिन हुनेहरूको निम्ति उहाँको इन्साफ आहत होइन तर राहत हुनेछ।

## १. राष्ट्रब्यापी शङ्कत (योयल १:१-१२)

योयल १:१-१२मा यहूदाको राज्यमा के भइरहेको थियो,
पढ्नुहोस्: “१ पतुएलका छोरा योएलकहाँ आएको परमप्रभुको वचन। २
हे अग्रजहरू हो, यो कुरा सुन। हे देशका सबै बासिन्दा हो, ध्यानसित
सुन। के तिमीहरूका दिनमा अथवा तिमीहरूका पिता-पुर्खाका दिनमा
यस्तो कहिल्यै भएको थियो? ३ तिमीहरूका छोराछोरीहरूलाई यो कुरा
बताओ, र तिमीहरूका छोराछोरीहरूले उनीहरूका छोराछोरीहरूलाई
बताऊन्, र उनीहरूका छोराछोरीहरूले आगामी पुस्तालाई बताऊन्। ४
जे कुरो सलहहरूको बथानले छोड़े, ती ठूला-ठूला सलहले खाए। जे
ठूला-ठूला सलहले छोड़ेका थिए, ती जवान सलहले खाइहाले। जे जवान
सलहले छोड़ेका थिए, ती अरू सलहहरूले खाइहाले। ५ हे मतवाला हो,
जाग र रोओ। हे सबै दाखमद्य (मदिरा) पिउने हो, नयाँ दाखमद्यको
निम्ति विलाप गर, किनकि त्यो तिमीहरूका ओठैबाट खोसिएको छ। ६
अनगन्ती संख्या भएको एउटा शक्तिशाली जातिले मेरो देशलाई आक्रमण
गरेको छ। त्यसका दाँतहरू सिंहका दाँतहरूजस्तै छन्, र त्यसका दाह्रा
सिंहनीका जस्तै छन्। ७ त्यसले मेरा दाखका बोटहरू उजाड़ पारिदिएको
छ, र मेरा नेभाराका बोटहरू सखापै पारिदिएको छ। त्यसले तिनका
बोक्राहरू लाछेर नाङ्गो पारेर फालिदिएको छ। तिनका हाँगाहरू सेतै
बनाइएको छ। ८ आफ्नो तरुणी अवस्थाको लोग्नेको निम्ति भाङ्ग्रा
लगाएर विलाप गर्ने कन्ये-केटीले झैं विलाप गर। ९ परमप्रभुको भवनमा
अन्नबलि र अर्घ-बलि चढ़ाउन बन्द भएका छन्। परमप्रभुको अगि सेवा
गर्ने पूजाहारीहरू विलाप गर्दछन्। १० खेतहरू उजाड़ पारिएका छन्।
जमिन सुक्खा भएको छ, अन्न नष्ट भएको छ, नयाँ दाखमद्य सुकिहाल्यो,
तेल पनि सुकिहाल्यो। ११ हे किसान हो, निराश होओ। हे दाखबारी
लाउनेहरू हो, विलाप गर। गहूँ र जौका निम्ति अफसोस गर, किनभने

**खेतको फसल नष्ट भएको छ। १२ दाखको बोट ओइलायो, नेभाराको बोट सुक्यो। अनार, खजूर र स्याउको बोट, अर्थात् खेतका सबै रूखहरू ओइलाएका छन्। निश्चय नै मानिस-जातिका सन्तानको आनन्द सुकिगएको छ।"**

कृषक समाजमा परमेश्वरको अगमवक्ता योयल रहेका थिए। अन्न र फलफूल कटानी गर्ने याममा ती बालीहरूको नाश भएकोमा किसानीहरू अफसोच मान्नु पर्छ भनेर उनले बताउँदछन्। विध्वँस भएको जमिन वा खेतबालीले गर्दा धेरै वर्षसम्म राष्ट्रिय आर्थिकमा नराम्रो असर पर्न सक्थ्यो। खडेरीले गर्दा खाना, छहारी र बन जङ्गलको बिनाश भएको थियो। र बाँकी भएको उर्बरा माटो पनि सुकेर खतम हुने सम्भावना थियो। प्यालेस्टाइनमा कतिपय फलफूलका रूखहरूले फल दिन २० वर्ष लाग्दथ्यो। शत्रु सेनाहरूले त्यस देशका भूमीलाई जथाभावी बिनाश गरि आतङ्क मचाएका थिए। मानिसहरूलाई सजायँ दिन आफूले जितेका देशलाई नाश गर्न ती सेनाहरू अग्रसर भएका थिए। त्यसले गर्दा खेतबाली उब्जाउने भूमी पहिलाकै उर्बरा अवस्थामा फर्कन धेरै समय लाग्दथ्यो।

**यहूदामा के भइरहेको थियो सो बुझ्न व्यवस्था २८:३८, ३९ले यसरी बताउँछः "तिमीहरूले खेतमा धेरै बीउ लाउनेछौ, तर थोरै फसल बटुल्नेछौ, किनकि सलहहरूले त्यो स्वाहा पार्नेछन्।" ३९ तिमीहरूले दाखबारी लगाउनेछौ र फल उमार्नेछौ, तर तिमीहरूले दाखमद्य पिउन र दाख बटुल्न पाउनेछैनौ, किनभने कीराले ती खाइदिनेछन्।"**

सलहहरूले ल्याएका महामारी कतिको भयानक थियो भनेर योयलले चार तरिकाहरूबाट **व्याख्या** गर्दछन् (योयल १:४)। सलहले नाश गरेपछि त्यो भूमी खडेरीबाट अझ बिनाश गरेको थियो। किसानीहरूले अपेक्षा गरेका सबै बालीनाली सुकेर नष्ट भएका थिए। अब केही पनि खाना नपाएकोले र केही पिन बेच्न नपाएकोले किसानीहरू दिक्क हुनु स्वभावीकै थियो। बिऊ रोप्न बिऊहरू पनि केही जोगेका थिएनन्। त्यस्तो भयानक शङ्कत पहिले कहिलै पनि भएको थिएनन्।

सर्बसाधारणले खाने अन्नबालीमात्र नभएर फलफूल, तेल र अरू निर्यात गर्ने अन्नहरूको (व्यवस्था १४:२३, व्यवस्था १८:४) पनि नाश हुन्छ भनेर योयलले भविष्यवाणी गरेका थिए शूचना दिएका थिए। प्यालेस्टाइन राज्यको निम्ति गहुँ र जौ अत्यन्त महत्त्वपूर्ण अन्न थियो।

बाइबलको समयमा अञ्जिरका रूखहरू र लहरामा फल्ने फलफूलहरूले प्रतिज्ञा गरिएको देशमा परमेश्वरको आशिष कतिको थियो भनेर बताउँथ्यो (१ राजा ४:२५, मीका ४:४, जकरिया ३:१०)। शान्ति, सम्मुनती र सफलता भनेको आफ्नै खेतबारी र फलफूलका रूखरूका छहारीमा बस्न पाउने अबसरलाई मान्दथ्यो। अब मानिसहरूका पापले गर्दा आएका परमेश्वरका न्यायले ती सबैमा नराम्रोसँग धक्का परेको थियो।

कटानीको समय उत्सबको समय थियो (भजन ४:७, यशैया ९:३)। अन्न कटानी गरेर बालीनाली भित्राउने बेलामा सबै मानिसहरू खुशीले गडगड हुन्थे। परमेश्वरप्रति निष्ठावान र आस्थावान हुनेहरूको निम्ति इस्राएली देश परमेश्वरको उपहार थियो। तै पनि त्यो परमेश्वरकै थियो। परमेश्वरले दिनुभएको जग्गाजमिनलाई राम्रोसँग देखरेख गर्ने सम्भार गर्ने जिम्मा ती मानिसहरूलाई दिएको हुनाले त्यसलाई जतन गरोस् भनेर तिनीहरूबाट उहाँले अपेक्षा गर्नुभएको थियो। अझ सबै भन्दा मूल कुरो त यो थियो, पहिला त परमेश्वरले नै ती सबै भूमी मानिसहरूलाई उपलब्ध गराउनुभएकोले उहाँलाई मात्र आराधना गर्न र उहाँको निर्देशन मान्न उहाँले ती परमेश्वरका जनहरू भन्ने मानिसहरूबाट अपेक्षा गर्नुभएको थियो।

## २. तुरही फुक ! (योयल १:१३-२०)

जब प्राकृतिक वा दैविक प्रकोप अचानक आउँछ तब मानिसहरू स्तम्भित भएर धेरै प्रश्नहरू सोध्दछन्। ती केही प्रश्नहरूमाः "परमेश्वरले यी सबै किन हुन दिनुभयो? कोहि मानिसचाहिँ किन बाँचे र कोहि मानिस किन मरे? यस्तो आपदविपदबाट के पाठ सिक्न सक्छौं र?" जगतप्रति परमेश्वरको योजना के थियो भनेर सलहको महामारीले योयलले बुझेको कुरामा शङ्का थिएन। राष्ट्रिय शङ्कतसँग त्यस देशको आत्मिक अवस्थालाई पवित्र आत्माको अगुवाईमा योयलले तुलना गरेका थिए। त्यो योयल १ अध्यायमा पाइन्छ। कुनै पनि उब्जनी बाँकि नराखी सलहहरूले सखाप पारेका थिए। तिनीहरूले भूमीलाई यस्तो नाङ्गो बनाए की परमेश्वरले अर्पण गर्ने अन्न समेत थिएन। अन्न र झोल पदार्थ दिनदिनै मन्दिरमा चढाउँथे (प्रस्थान २९:४०, गन्ती २८:५८)। परमेश्वरलाई चढाउने सामग्री नहुनु अति भयानक परिस्थिति थियो। तर

त्यसले मानिसहरूको गम्भिर पापको बारेमा चेतावनी दिएको तिनीहरूले महशूस गर्नुपर्थ्यो। परमेश्वर र इस्राएलहरूको बीचमा भएको करार तोडियो भनेर उहाँलाई चढाउने अन्नको अभावले देखाएको थियो। त्यो केवल एउटा उदाहरणमात्र थियो। तर अरू अगमबक्ताहरूले जस्तै योयलले मानिसहरूको असफलतातिर छानबिन गर्न धेरै समय बिताएनन्। इस्राएलको चिकित्सकको रूपमा खडा हुनुभएको परमेश्वरबाट पापको रोग कसरी उन्मुलन गर्ने भन्ने विषयमा योयलको बढि चासो थियो।

योयलले योयल १:१३-२०मा व्यक्त गरेका कुराहरू इस्राएलीहरूको निम्ति थियो। तर योयलले गरेका अनुरोध बाइबलभरी अत्यन्त सामान्यरूपमा पाइएको देखिन्छ। त्यो केवल पुरानो करारमा मात्र होइन नयाँ करारमा पनि छ। हेर्नुहोस्ः “१३ हे पूजाहारी हो, भाङ्ग्रा लाएर शोक गर। हे वेदीका सेवक हो, विलाप गर। हे मेरा परमेश्वरका सेवक हो, भाङ्ग्रा लाएर रात बिताओ, किनकि तिमीहरूका परमेश्वरको भवनमा अन्नबलि र अर्घबलि रोकिएका छन्। १४ पवित्र उपवासको घोषणा गर, पवित्र सभा बोलाओ। परमप्रभु तिमीहरूका परमेश्वरको भवनमा देशका सारा बासिन्दाहरू र धर्म-गुरुहरू भेला गराएर परमप्रभुको पुकारा गर। १५ हाय! त्यो दिन, किनकि परमप्रभुको दिन नजिकै छ। त्यो त सर्वशक्तिमान्‌को तर्फबाट सर्वनाशजस्तै आउनेछ। १६ खानेकुरा के हाम्रा आँखाकै सामु नष्ट भएन र? आनन्द र हर्ष परमेश्वरको भवनमा बन्द गरिएको छैन र? १७ बीउहरू माटोका डल्लामुनि चाउरिए, ढुकुटीहरू उजाड़ पारिए, अन्नका भण्डारहरू नष्ट भए, किनकि अन्न सुकिगएको छ। १८ पशुहरूको बगाल कसरी विलाप गर्छन्। गाई-गोरुका बथानहरू विचलित भएका छन्, किनकि तिनीहरूका निम्ति खर्क छैन। भेड़ाका बगाल पनि कष्टमा परेका छन्।
१९ हे परमप्रभु, म तपाईंमा पुकारा गर्दछु, किनकि खुला खर्कहरू आगोले भस्म पारेको छ, र आगोका ज्वालाले वनका रूखहरूलाई जलाइदिएको छ। २० वनका पशुहरूले पनि तपाईंमा दुहाई दिन्छन्, किनभने पानीका खोलाहरू सुकिगए, र आगोले वनका खर्कलाई भस्म पारेको छ।" (योयल १:१३-२०)।

राष्ट्रिय रूपमा नै उपवास गर्न र प्रार्थना गर्न आत्मिक अगुवाहरूलाई योयलले अनुरोध गर्दछन्। त्यसो गर्दा मानिसहरूले

आत्मआलोचना गरि आफ्ना आफ्ना हृदयहरूलाई खोतल्न सक्दथ्यो, पापबाट फर्किन सक्दथ्यो र परमेश्वरतिर फर्कन सक्दथ्यो। अनि आफूहरूले पाएका तितो अनुभवहरूलाई छोडेर परमेश्वरको प्रेम र न्यायमा भरोसा राख्ने पुःन जागरण तिनीहरूमा हुन्थ्यो। अन्तमा दुःखकष्ट आपदबिपदले विश्वासीहरू परमेश्वरसँग गहिरो सम्बन्ध राख्नतिर दोऱ्याउने सम्भावना वढि थियो।

सारा बाइबलभरि परमेश्वर सृष्टिका स्वामी हुनुहुन्छ भनेर वयान गरिएको छ। उहाँले पृथ्वीलाई सृष्टि गर्नुभयो, उहाँले सम्हाल्नुहुन्छ र उहाँको उद्देश्य पूरा गर्न यस पृथ्वीलाई प्रयोग गर्नुहुन्छ। यस्तो प्राकृतिक वा दैविक प्रकोपमा मानिसहरू आफ्ना लुगा होइन तर हृदयहरू च्यात्नुपर्छ भनेर योयलले आह्वान गरेका थिए। त्यसले परमेश्वरको करूणा र अनुग्रहको ढोका खोलिदिन्थ्यो।

**धेरै किसिमबाट दुर्दशा वा आपद विपद हामीमा आउन सक्छ। जब आउँछ तब हाम्रो निम्ति बाइबलमा के यस्ता बाचाहरू दिएका छन् जसले हामीलाई आशा र बल दिन्छन्? बाइबलमा भएका के के प्रतिज्ञाहरू छन् जुन तपाईंको निम्ति अर्थपूर्ण छन्?**

## ३. परमेश्वरको पवित्र आत्माको वरदान (योयल २:२८,२९)

**योयल २:२८,२९लाई उदृध गर्दै पत्रुसले पेन्टिकोस्टको समयमा (प्रेरित २:१-२१) तिनीहरूले पाएका पवित्र आत्माको वरदानको बारेमा योयलको भविष्यवाणीलाई वाख्या गरेका थिए। योयल २:२८,२९मा यसरी लेखिएको छः "२८ "त्यसपछि म मेरा आत्मा सबै मानिसमाथि खन्याउनेछु। तिमीहरूका छोराछोरीहरूले अगमवाणी बोल्नेछन्। तिमीहरूका बूढ़ा मानिसहरू स्वप्नदर्शी हुनेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्। २९ ती दिनमा मेरा सेवकहरू पुरुष र स्त्रीहरू दुवैमाथि म आफ्ना आत्मा खन्याउनेछु।"**

परमेश्वरले गर्नुभएको बाचा पूरा भयो भनेर पेन्टिकोस्टको समयमा प्रेरित पत्रुसले घोषणा गरेका थिए। (त्यस समय येशूको निर्देशन अनुसार उहाँका चेलाहरू साथै १२० जना पुरुख र महिलाहरू प्रार्थनामा तल्लिन भएका थिए। अनि आगोको मुस्लोको आकारमा पवित्र आत्मा आएर तिनीहरूको शीरबाट अलप भएको थियो। जसको फलस्वरूप ती सबै चेलाहरूले सबैले बुझ्ने गरेर अन्य भाषाहरू बोलेका

थिए। त्यसबेला तिनीहरू बसेको घर हल्लिएको थियो। मानिसहरूको हुलले तिनीहरूको चर्तकला देखेर छक्क परेका थिए। त्यस समयमा पत्रुसले सबैलाई सुसमाचारको बारेमा परमेश्वरको योजनाको बारेमा सम्बोधन गरेका थिए)। पवित्र आत्मा खनिने छ भन्ने बाचा योयलबाट दिइएको थियो। पवित्र आत्मा खनिनुसाथै यस पृथ्वी, आकाशमा समेत गरेर प्रकृतिमा अचम्मका कामहरू परमेश्वरले गर्नेछन् भन्ने प्रतिज्ञा त्यहाँ लेखिएको थियो।

"परमेश्वरको महान् दिनसँग गाँस्दै पवित्र आत्माको प्रदर्शन विशेष रूपमा हुनेछ भनेर उहाँले योयलमार्फत प्रतिज्ञा गर्नुभएको थियो (योयल २:२८))। पेन्टिकोस्टको दिनमा त्यो भविष्यवाणी आँशिक रूपमा पूरा भएको थियो। तर परमेश्वरको अनुग्रह प्रसस्तमात्रामा खनिएपछि त्यो भविष्यवाणी पूरै रूपमा पूरा हुनेछ। त्यो पूरा भएपछि सुसमाचारको प्रचारको अन्त हुनेछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ११बाट रूपान्तरित।

प्रसस्तमात्रामा परमेश्वरको आत्मा खनिएपछि मानिसहरू पश्चाताप गरि परमेश्वरतिर फर्किनेछन् भनेर योयलले भनेका थिए। त्यसले अचम्म तरिकाले नवजागरण ल्याउनेछ। मानिसहरूलाई नाश गर्नुको सट्टा परमेश्वरले तिनीहरूलाई आशिषको झरी पठाउनुहुनेछ। उहाँको सृष्टि पुनःप्रतिष्ठित हुनेछ र सैतानरूपी शत्रुहरूबाट राष्ट्र स्वतन्त्र हुनेछ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ।

परमेश्वरका जनहरूमा पवित्र आत्मा खनिएको छ। जसरी परमेश्वरको विशेष कामको निम्ति खटाइएका जनहरूको शीरमा तेल राखेर अभिषेक गरिन्छ त्यसरी नै पवित्र आत्मा खनिएको हुन्छ। परमेश्वरको निम्ति विशेष कामगर्न पवित्र आत्माले शक्ति दिनुहुन्छ। त्यो उहाँको वरदान हो (प्रस्थान ३१:२-५, न्यायकर्ता ६:३४)। अन्तिम समयमा पवित्र आत्माको काम प्रभावकारी रूपमा विश्वव्यापी हुनेछ। त्यस बखत परमेश्वरलाई ग्रहण गर्न चाहने सबैको निम्ति मुक्ति उपलब्ध हुनेछ। त्यो समय विश्व इतिहासको चरमविन्दु हुनेछ। गरिब वा धनी, युवा वा वृद्ध, पुरुख वा स्त्री जोसुकै भएतापनि परमेश्वरमा निष्ठावान भएर बस्ने सबैमा उहाँको आत्मा खनिने छ। परमेश्वरका सबै जनहरू अगमवक्ता वा परमेश्वरको निम्ति साछी वक्ने होस् र उहाँका आत्माहरू

तिनीहरूमा खनियोस् भन्ने मोसाको चाहना त्यसबेला पूरा हुनेछ (गन्ती ११:२९)।

**तपाईंको जीवनमा अझ वढि पवित्र आत्मा खनाउन तपाईंले के गर्न सक्नुहुन्छ? पवित्र आत्माको आगमनको निम्ति के तपाईंको जीवनको ढोका तयार छ?**

## ४. परमेश्वरको नाउँमा प्रचार गर्नु (योयल २:३१,३२)

त्यो समय आउनेछ जब सूर्य अन्ध्यारो हुनेछ र जून रगत जस्तै रातो हुनेछ। तिनीहरू खासै प्राकृतिक प्रकोप भन्न आवश्यक छैन। तर त्यो समय येशूको आगमनका विभिन्न चिन्हहरू मध्ये केही मात्र हुन् भनेर मान्नु पर्दछ। बाइबलको समयमा होस् वा अहिले नै किन नहोस् सनातन सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्नेहरूले आकाशका विभिन्न ठोकहरूलाई देवता भनेर पूजा गरेको पाइन्छ। परमेश्वरले सृष्टि गरेका वस्तुहरूलाई कहिलै पनि देवीदेवता भनेर पूजाआजा नगर्नु भनेर मोसाले इस्राएलीहरूलाई निर्देशन दिएका थिए (व्यवस्था ४:१९)। विभिन्न देशहरूले देवता भनेर पूजा गरेका मूर्तिहरू परमेश्वरको न्यायमा बिलाएर जानेछन् भनेर योयलले भन्दै थिए। उल्का होइन विभिन्न ताराहरूको शक्ति डगमगिनेछन् र तिनीहरू उज्यालो हुनेछैन भनेर योयल ३:१५ले जोड्दछ। परमेश्वरको महिमाको उपस्थिति यस्तो तेजिलो हुनेछन् कि आकाशका कुनै पनि ठोकहरू उहाँको अगाडि चम्कन सक्नेछैनन्।

**जब येशूको आगमन हुन्छ तब दुष्ट र पापीहरू डरले थरथर काम्नेछन्, तर परमेश्वरका सन्तहरूले उहाँको आगमनलाई दिल खोलेर स्वागत गर्नेछ। धर्मी र विधर्मीको बीचमा के अन्तर छ त? देहायका पदहरूले परमेश्वरको प्रतिक्षा गर्नेहरूको निम्ति यी प्रतिज्ञाहरू दिएका छन्: यशैया २५:९ "९ त्यस दिन तिनीहरूले यसो भन्नेछन्, "निश्चय उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ, हामीले उहाँमाथि भरोसा गऱ्यौं र उहाँले नै हामीलाई बचाउनुभयो। उहाँ नै परमप्रभु हुनुहुन्छ, उहाँमाथि हामीले भरोसा गऱ्यौं। उहाँले गर्नुभएको उद्धारमा हामी खुशी होऔं र रमाऔं।" योयल २:३२ "३२ परमप्रभुको नाउँ लिने हरेकले उद्धार पाउनेछ। किनकि परमप्रभुले भन्नुभएअनुसार सियोन पर्वत र यरूशलेममा परमप्रभुले बोलाउनुभएअनुसार बाँचेकाहरूको छुटकारा हुनेछ।" प्रेरित २:२१**

**“२१ अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ।" र रोमी १०:१३ “१३ किनकि “प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।”**

बाइबलमा “परमेश्वरको नाउँ पुकार्नेहरू"को अर्थ उहाँलाई विश्वास गर्नेहरू र उहाँका उपासकहरू भनेर जनाइएको छ। उहाँका वचन वा प्रतिज्ञाहरू तिनीहरूले बिना शङ्कोच आत्मसात् गरेका हुन्छन्। फेरि उहाँको नाउँको प्रचार गर्ने भन्ने अर्थ पनि लाग्दछ्। परमेश्वरको बारेमा अरूलाई गवाही दिने र उहाँले यस संसारको निम्ति के गर्नुभयो भनेर देखाउने प्रभुका भक्तहरूको धर्म हो भनेर उपरोक्त वाक्यले अर्थ दिन्छ। अब्राहम मूर्तिपूजा नै मूर्तिपूजा गर्नेहरूको देश कनानमा (आधुनिक इस्राएल) थिए। तर उनी जहाँ गएतापनि परमेश्वरको निम्ति बेदी बनाए र त्यहाँ उहाँको बारेमा प्रचार गरेका थिए (उत्पत्ति १२:८)। सीनैको पहाडबाट परमेश्वरले मोसाद्वारा उहाँको अनुग्रह र भलाईको घोषणा गर्नुभएको थियो (प्रस्थान ३३:१९, प्रस्थान ३४:५)। सारा राष्ट्रको सामु परमेश्वरले के गर्नुभयो भनेर सिकाउँदै उहाँलाई धन्यबाद चढाउनु भनेर भजनसँग्रहका लेखकले सबै विश्वासीहरूलाई आग्रह गर्दछन् (भजन १०५:१)। परमेश्वरको अगमवक्ता यशैयाले पनि त्यही सन्दर्भमा मुक्तिको गीत रचेको यशैया १२:४मा पाउँछौं।

परमेश्वरको नाउँको बारेमा प्रचार गर्नुको अर्थ कमसेकम दुईवटा छन्: यस संसारमा परमेश्वरले अझै राज गर्नुहुन्छ भनेर खुशीको खबर उहाँका विश्वासीहरूले सुनाउनु र प्रत्येक मानवजातिलाई परमेश्वरको मुक्तिको योजना उपलब्ध छ भनेर सबैलाई सुनाउनु।

**“परमेश्वरको नाउँलाई पुकार्नु"को अर्थ तपाईंले के सोच्नुभएको छ? त्यो तपाईंले कसरी गर्नुहुन्छ? र अरूको अगाडि परमेश्वरको बारेमा गवाही दिन्दा तपाईंको अनुभव कस्तो भएको छ?**

**५. शङ्कतको बेलामा सुरक्षितस्थान (योयल ३)**

परमेश्वरको न्याय गर्जने सिहँ जस्तै भनेर बाइबलका अगमवक्ताहरूले चित्रण गर्दा त्यसप्रति सबै डराउनु स्वभाविकै हो (योयल ३:१६, आमोस १:२, आमोस ३:८)। यरुशलेममा भएको परमेश्वरको सांसारिक सिहाँसनलाई जायन वा शियोन भनेर बाइबलले सम्बोधन गर्दछ। त्यही स्थानबाट परमेश्वरले उहाँका शत्रुहरूलाई सजायँ दिनुहुनेछ। फेरि त्यसै बखत उहाँको विजयलाई धिरजसाथ पर्खिरहनेलाई

उहाँले उद्धार गर्नुहुनेछ। नयाँ सृष्टिमा तिनीहरू उहाँको विजयमा सहभागी हुनेछन्।

परमेश्वरले अन्तिम समयमा गर्ने न्यायको बारेमा बाइबलले चित्रण गरेको कतिपय मानिसहरूलाई बुझ्न गाऱ्हो छ। तर पाप र दुष्ट वा खराब कुनै मनगढन्ते नभएर यथार्थ हो भन्ने कुरालाई मनमा राख्नु उचित छ। फेरि ती दुष्टका शक्तिहरू परमेश्वरको खिलाफमा जान आफ्ना बाहुबल प्रयोग गरेको हुन्छ। परमेश्वरले सृष्टि गर्नुभएको सबै खालका प्राणीहरूलाई नाश गर्न दुष्टका फौजहरू लागिरहेका हुन्छन्। खराब, दुष्ट आदिको शत्रु परमेश्वर हुनुहुन्छ। त्यसैकारण हामीहरूको जीवनलाई नियालेर हेर्नु भनेर योयलले भन्दछ। हामी परमेश्वरको निष्ठामा छौं कि छैनौं भनेर आत्मआलोचना गरेर थाहा पाउनुपर्दछ। यदि छौं भने परमेश्वरको न्यायको दिनमा हामी सुरक्षितस्थानमा रहन पाउँनेछौं।

**अति आपदविपद परेको बेलामा पनि येशूले हामीलाई के दिनुभएको छ भनेर मत्ती १०:२८-३१मा यसरी दिएको छः "२८ तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ। २९ के एक पैसामा दुई भँगेरा बिक्दैनन्? तीमध्ये एउटा पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा खस्नेछैन। ३० तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन्। ३१ यसकारण तिमीहरू नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ्ता मूल्यवान् छौ।"**

परमेश्वरमा आस्थावान, निष्ठावान र भरोसा राख्नेहरूलाई उहाँले सहायता गर्नुहुन्छ। यस संसारमा परमेश्वरले विनाश ल्याउनु हुनेछ होला (योयल ३:१-१५)। तर परमेश्वरका जनहरू उहाँका न्यायका कामहरूदेखि त्रसित हुनु आवश्यक छैन किनकि उहाँले तिनीहरूलाई सुरक्षा दिन्छु भनेर कबूल गर्नुभएको छ (पद १६)। परमेश्वरले तिनीहरूलाई आफ्नो वचन दिनुभएको छ। उहाँका दयाले भरेको क्रियाकलापले यो देखाउँछ कि उहाँ विश्वासयोग्य र कबूललाई पालन गर्ने परमेश्वर भनेर देखाइएको छ। उहाँले फेरि कहिलै पनि उहाँका सन्तहरूलाई लाजमा पार्नुहुनेछैन (योयल २:२७)।

नयाँ पृथ्वीको दर्शन पाउँदै योयलको पुस्तक अन्त हुन्छ। त्यस पृथ्वीमा भएको नयाँ यरुशलेमको बीचबाट नदि बहनेछ। पापबाट क्षमा

पाएका मानिसहरूको बीचमा सनातन अनन्तको परमेश्वर रहनुहुनेछ भनेर त्यस नदि तथा नयाँ यरुशलेमले बताउँदछ।

योयलको सन्देशले हामीलाई तिनवटा कुराहरूमा चुनौति दिन्छः (१) परमेश्वरको आत्मामा हिंड्नु (२) निशङ्कोचरूपमा इसाई जीवन हृदयदेखि इमान्दारीपूर्वक बिताउनु र (३) ख्रीष्टको बारेमा जानकारी नहुनेहरूलाई उहाँको बारेमा प्रचारप्रसारगर्नु। यदि माथिका क्रियाकलापमा हामीले आत्मसात् गऱ्यौं भने पवित्र आत्माद्वारा येशू हामीसँग रहन्छु भन्ने उहाँको कबूललाई विश्वास गर्नेछौं। परमेश्वरका भक्तजनहरूको हृदयमा पवित्र आत्मा बस्ने वाचा पनि हामी ग्रहण गर्नेछौं।

**"हामीहरूको यथार्थ अवस्था कस्तो छ सो जान्नु आवश्यक छ। यदि हामीले हामीहरूको अवस्थाप्रति संवेदनशील भएनौं भने येशूको आवश्यकताको महशूस नै हुँदैन। हामी कस्तो खतरामा गुज्रिरहेकाछौं सो जान्नुपर्दछ। नत्र भने येशूलाई हाम्रो रक्षकको रूपमा खोज्नेछैनौं। हाम्रो घाउको पिडा हामीले अनुभव गर्नुपर्छ। नत्र भने हामी बिरामी भएको महशूस हुनेछैन र त्यसबाट स्वस्थ हुन चाहना पनि गर्दैनौं।"एलेन जी ह्वाइट, क्राइष्ट अबजेक्ट लेसनस्, पृ. १५८बाट रूपान्तरित। तपाईंको साँच्चिकै अवस्था कस्तो छ भनेर कसरि बुझ्ने? तपाईंको जीवनमा के पिडा भोगिरहनुभएको छ? ख्रीष्टले सुरक्षा दिन्छु भन्ने आश्रयस्थानमा के तपाईं जानुभएको छ वा उहाँको सुरक्षाको अनुभूति के तपाईंले पाउनुभएको छ?**

## उपसंहारः

**थप जानकारीः** बाइबलको समयमा योयल भन्ने नाउँ सामान्य थियो। त्यसको अर्थ हो, "परमप्रभु परमेश्वर हुनुहुन्छ"। अगमवक्ता योयलले लेखेका पुस्तको विषयबस्तुसँग त्यो नाउँ मिल्दछः केवल परमेश्वर मात्र पूर्ण रूपमा पवित्र हुनुहुन्छ। उहाँमात्र पूरै न्यायी हुनुहुन्छ। उहाँका जनहरूको इतिहास र राष्ट्र उहाँकै हातमा छ। प्रत्येक मानिसको जीवनमा पनि त्यो सत्य कुरो लागु हुन्छ।

"सत्यलाई बाहिरि चोकमा राखिएको हुनाले अनन्त जीवनका विषयबस्तुहरू देखावती र कुरामात्र गर्ने धर्मबाट पार गरेर अघि सर्नु आवश्यक छ। नव जागरण र सुधारको निम्ति परमेश्वर हामीबाट

अपेक्षा गर्नुहुन्छ। चर्चको प्रवचन गर्ने स्थानबाट बाइबल र बाइबलका वचनहरूमात्र उच्चारण गर्नुपर्दछ। तर कतिपय मानिसहरूले बाइबलको शक्तिलाई ऱ्हास गरेकाछन्। त्यसले गर्दा इसाईहरूको आत्मिक जीवन सिथिल भएको पाइन्छ। कतिपय मानिसहरूले भित्री चेतना जागृत गर्ने खालका प्रवचन दिएको पाइन्दैन। त्यसले गर्दा मरेको आत्मालाई जीवन दिएको पाइन्दैन। प्रवचन सुन्नेहरूले यो भन्न सकेको छैन, 'हामीसँग येशू हिंड्नुहुँदा गर्नुभएको कुराले र उहाँले पवित्र धर्मशास्त्र खोल्दा के हाम्रो हृदय पोलेन र?' लूका २४:३२। जीवित परमेश्वरको निम्ति धेरै मानिसहरू चित्कार गरिरहेकाछन्। उहाँको उपस्थितिको निम्ति तिनीहरू चाहना गर्दछन्। परमेश्वरको वचनले मानिसहरूको हृदयलाई छोओस्। गलत र भ्रमका विद्याहरू सुनिरहने मानिसहरूले परमेश्वरको आवाज सुनेर अनन्त जीवनको निम्ति आत्मिक जागृत होस्।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस्, पृ. ६२६बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. संसारको अन्तिम घडिमा रहने हामीहरूको निम्ति योयलको सन्देश कत्तिको सान्दर्भिक छ?

आ. योयलको पुस्तक सरसर्ती सबै पढ्नुहोस्। अनि देहायको प्रश्नको जवाफ दिनुहोस्: योयलले दिएको सन्देश तत्कालिन मानिसहरूले कतिको बुझ्न सके? उनको सन्देशले के हामीलाई पनि बोल्दछ त?

इ. परमेश्वरका जनहरूलाई विभिन्न खालका आशिषहरू खनिएको योयलको पुस्तकमा वर्णन गरिएको छ। त्यसमा उल्लेख गरेको भविष्यवाणीहरूमा आत्मिक र भौतिक आशिषहरू के छुटिएका छन्? यदि छन् भने के अन्तर छ?

ई. ख्रीष्ट र सैतानको बीचमा भइरहेको महान् मतभेदको बारेमा बुझिन्दा वर्तमान संसारमा भयानक दु:ख कष्ट किन भइरह्यो भनेर कसरी बुझाउँछ?

उ. हामीहरूले दावी गरेको धर्म गम्भिर छ कि केवल देखावती र कुरामात्रै हो, कसरी थाहा पाउने?